०७४/०७५ वै.स.नं. १३

आज मिति २०७५ साल वैशाख ४ गते यस धवलागिरी गाउँ-पालिका गाउँकार्यपालिका बैठक अध्यक्ष श्री थमसरा पुनज्यूको अध्यक्षतामा बसी देहायको उपस्थितीमा देहायका प्रस्ताव माथि छलफल गरी देहायका निर्णय गरियो ।

उपस्थिती

थमसरा पुन – अध्यक्ष

रेशम छन्त्याल – उपाध्यक्ष

झक बहादुर छन्त्याल – वडा अध्यक्ष वडा नं. १

गम प्रसाद वि.क. – " " " २

पुर्म पुन – " " " ३

वेज प्रसाद बर्ती – " " " ४

खर्क कुमारी छन्त्याल – " " " ५

राजाराम उपाध्याय – " " " ६

कलानिधी शर्मा – " " " ७

सुवा सुवादेवी पुर्जा – निर्वाचित सदस्य

बिनमाया बर्ती – " "

तिल कुमारी के.सी. – " "

बाल कुमारी सुनार – " "

राम बहादुर वि.क. – " "

देउ प्रसाद छन्त्याल – " "

अर्जुन शर्मा – सचिव गाउँकार्यपालिका

प्रस्तावना :-

१. विशेषक मस्यौदा सम्बन्धमा

२. -यायिक समिति गठन सम्बन्धमा

३. मैपरी आउने चालू शिर्षकको रकमान्तर सम्बन्धमा

४. विविध सम्बन्धमा

निर्णयहरू:-

नि.नं.१:- प्रस्ताव नं. १ माथि हलफल गरी विधायन समितिबाट पेश हुन आएका देहायका विधेयक मस्यौदा माथि हलफल गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

(क) धवलागिरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५

(ख) धवलागिरी गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई विधेयक, २०७५

(ग) धवलागिरी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७५

नि.नं.२:- प्रस्ताव नं. २ माथि हलफल गरी नेपालको संविधानको धारा २१७ बमोजिम गठन हुने धवलागिरी गाउँपालिकाको न्यायिक समितिमा देहाय बमोजिम हुने गरी समिति गठन गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

न्यायिक समिति:

संयोजक :- रेशम हत्याल, उपाध्यक्ष

सदस्य :- लोकप्रसाद पुन, गाउँसभा सदस्य

सदस्य :- सुवादेवी पुर्जा, कार्यपालिका सदस्य

नि.नं.३:- प्रस्ताव नं. ३ माथि हलफल गरी चालू आ.व.मा भैपरी आउने चालू शिर्षक अन्तर्गत विनियोजित रु. ५०००००० /- लाई पुँजीगत तर्फ रु. ३०५५००० /- र चालू तर्फ विभिन्न शिर्षकमा रु. १९४५००० /- रकमान्तर गर्ने निर्णय गरियो।

नि.नं.४:- विविध सम्बन्धमा छलफल गरी देहाय बमोजिमका निर्णय गरियो।

(क) शिवरात्री खोला पहरा फोड्ने योजनामा थप कामको लागि सोही योजनाको बचत शिर्षकबाट थप रु. ४३००००/- विनियोजन गर्ने निर्णय गरियो।

(ख) ताकम प्रहरी चौकी व्यवस्थापनको लागि रु. १०००००/- (एकलाख) विनियोजन गर्ने निर्णय गरियो।

(ग) धवलागिरी गाउँपालिका वडा नं. ४ को साविकको वडाको खाताको अल्पा रकम रु. १२०,०००/- (अक्षरुपी रु. वडा कार्यालय व्यवस्थापनको लागि विनियोजन गर्ने निर्णय गरियो।

(घ) धवलागिरी गाउँपालिका वडा नं. २ को साविकको वडाको खाताको अल्पा रकम रु. १९०,०००/- (अक्षरुपी रु. प्राविधिकको रेखदेखमा मर्मत तथा सोलार जडान गर्ने निर्णय गरियो।

(ङ) चालू आ.व.मा पत्रकारिता, सूचनाको हक र संचार विकास समिति तालिम शिर्षक मध्ये सूचनाको हक सम्बन्धी तालिम सञ्चालन भैसकेको, उहाँ सो शिर्षकको रु. ५००००० - लाई देहाय बमोजिम विभाजन तथा विनियोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

(१) सूचना, विज्ञापन, प्रकाशन तथा प्रसारण रु. १००००० -

(२) धवलागिरी गा.पा. स्तरीय विकास निर्माण गतिविधि तथा पर्यटकीय स्थल समावेश भएको वृतचित्र निर्माण तर्फ रु. २५०,०००/-

(३) पत्रकारिता तथा आधारभूत समाचार लेखन तालिम तर्फ रु. १५०००० -

(च) चालू आ.व. मा विनियोजित दलित, जनजाती महिला सिपमूलक तालिम सञ्चालनको लागि जा.सा.को सात वटै वडामा देहायबमोजिम विनियोजन गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो !

१) वडा नं. १ गुर्जा → दलित + जनजाती तर्फ रु. १००००० /-
२) " " २ लुलाङ → दलित + जनजाती तर्फ रु. १००००० /-
३) " " ३ मुना → जनजाती तर्फ रु. १००००० /-
४) " " ४ मुडी → दलित तर्फ रु. १००००० /-
५) " " ५ मल्कवाङ → दलित तर्फ रु. १००००० /-
६) " " ६ मराङ → दलित तर्फ रु. १००००० /-
७) " " ७ ताकम → दलित तर्फ रु. १००००० /-

(च.१). आज बसेको गाउँकार्यपालिका बैठकमा विभिन्न वडाबाट माग भई आएका र यस गाउँपालिकाबाट सम्बोधन हुन नसक्ने योजनाहरू गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, संस्कृति पर्यटन तथा उड्डयन मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा माग गर्ने निर्णय गरियो।

(६) आज बसेको मन्त्रिपरिषद्को बैठकमा विभिन्न वडा कार्यालय तर्फबाट माग भई आएका योजनाहरू भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, र कृषि आदि व्यवस्था तथा सहकारी मन्त्रालय मा माग गर्ने निर्णय गरियो ।